http://www.ird.gov.np

# कर बुलेटिन
Tax Bulletin

वर्ष ८, अङ्क ३, २०७७ चैत्र-२०७८ असाढ    Year 8, Issue 3, April-July, 2021

## राजस्व संकलनमा १२२ प्रतिशतको वृद्धिदर

विभागले आर्थिक वर्ष २०७७/०७८ मा रु ४२९ अर्ब २६ करोड संकलन गरी सुरु राजस्व लक्ष्य ४५० अर्ब ३४ करोडको तुलनामा ९५.३२ प्रतिशत र संसोधित राजस्व लक्ष्य ४४३ अर्ब ४२ करोडको तुलनामा ९६.८० प्रतिशत संकलन भएको छ। यो संकलन गत आर्थिक वर्षको यसै अवधिको संकलनको तुलनामा रु ४४ अर्ब १७ करोड अर्थात् ११.४७ प्रतिशतले बढी हो।

शीर्षकगत रुपमा हेर्दा आयकरतर्फ रु. २१० अर्ब ९८ करोड लक्ष्य रहेकोमा रु २०० अर्ब ७६ करोड संकलन भई लक्ष्यको तुलनामा

बाँकी ६ पृष्ठ मा .....

## नवौं राष्ट्रिय कर दिवस २०७७ करदाता सम्मान कार्यक्रम




२०५४ साल मंसीर १ गते नेपालमा मूल्य अभिबृद्धि कर लागू भएको दिनको सम्झनामा विगत ९ वर्षदेखि प्रत्येक वर्ष मंसीर १ गतेलाई राष्ट्रिय कर दिवसको रुपमा मनाउँदै आईएको छ । यस नवौं राष्ट्रिय कर दिवस, २०७७ को मूल नारा **"स्वच्छ, पारदर्शी र प्रविधिमैत्री कर प्रशासन: विकास, समृद्धि र सुशासन"** रहेको थियो । कोभिड-१९ को कारणले समयमा सम्पन्न हुन नसकेको करदाता सम्मान कार्यक्रमलाई मिति २०७७।२।१९ मा विभागले उक्त कार्यक्रम सम्पन्न गरेको थियो। कार्यक्रमको अध्यक्षता आन्तरिक राजस्व विभागका महानिर्देशक श्री झक्कप्रसाद आचार्यज्यूले गर्नुभएको थियो । कार्यक्रममा प्रमुख अतिथि अर्थ मन्त्रालयका सचिव (राजस्व) रामशरण पुडासैनी तथा अन्य

बाँकी ३ पृष्ठ मा .....

यसभित्र ...

विविध विषयमा तालिम सञ्चालन ५
विभागको राजस्व असूलीको ५ वर्षको प्रवृति ६
आन्तरिक राजस्व कार्यालय बागलुङबाट कर शिविरको आयोजना ७



# महानिर्देशकको सन्देश

**“कोभिड-१९ महामारीबाट प्रभावित उद्योग व्यवसायलाई कर छुट तथा सहुलियत, करको दायरा बिस्तार, कराधार संरक्षण र राजस्व चुहावट नियन्त्रण तथा समग्र राजस्व प्रशासनको क्षमता बृद्धि एवं सूचना प्रविधीको अधिकतम उपयोगबाट स्वेच्छिक कर सहभागिता अभिवृद्धि गर्ने राजस्व नीतिको उद्देश्य अनुसार तय गरिएका कार्यात्मक लक्ष्यहरुलाई कार्यान्वयन गर्न यस विभाग र मातहतका कार्यालयहरु आवश्यक कार्य योजना बनाई आफ्ना गतिविधिहरु त्यस तर्फ केन्द्रित गरी उत्कृष्ट कार्य सम्पादन गर्न सक्षम हुनेछन् भन्ने विश्वास लिएको छु ।”**

यस विभागले आर्थिक वर्ष ०७७/०७८ मा कूल ४२९ अर्ब २६ करोड राजस्व संकलन गरेको छ । यो असुली चालु वर्षको यस अवधि सम्मको लक्ष्यको करिब ९५.३२ प्रतिशत रहेको छ। यस विषम परिस्थितिमा पनि करदाताहरुले कर विवरण बुझाउने तथा कर दाखिला गर्ने कार्यमा उत्साहजनक सहभागिता देखाई देशको राजस्व परिचालनमा पुऱ्याउनु भएको योगदानको उच्च कदर गर्दै म आम करदाताहरुलाई विशेष धन्यवाद दिन चाहन्छु।

एकातिर व्यापार उदारीकरणको कारणबाट आयात व्यापारबाट प्राप्त हुने राजस्व कम हुदै गएको छ भने अर्कोतिर मुलुकमा लगानी भित्र्याउन करका दरहरुमा प्रतिस्पर्धा बढ्दै गएको छ साथै पुर्बाधार विकास र आधार भूत सेवामा बढ्दो खर्च व्यवस्थापन, कोभिड-१९ को महामारीले समग्र अर्थतन्त्रमा दिएको धक्काबाट माथि उक्लन व्यापार तथा उद्योग व्यवसायलाई राहत दिन विभिन्न कर छुट तथा सहुलियतको आवश्यकताको कारण सरकारलाई वित्तीय दवाब पर्दा सो को असर आन्तरिक राजस्वमा पर्न गएको छ। यी विभिन्न क्षेत्रबाट आएका चुनौतीलाई संवोधन गर्न समग्र राजस्व नीतिलाई सोही बमोजिम प्रभावकारी रुपमा कार्यान्वयनमा लैजानुपर्ने देखिन्छ।

कोभिड-१९ माहामारीबाट प्रभावित उद्योग व्यवसायलाई कर छुट तथा सहुलियत, करको दायरा विस्तार, कराधार संरक्षण र राजस्व चुहावट नियन्त्रण तथा समग्र राजस्व प्रशासनको क्षमता बृद्धि एवं सूचना प्रविधीको अधिकतम उपयोगबाट स्वेच्छिक कर सहभागिता अभिबृद्धि गर्ने राजस्व नीतिको उद्देश्य अनुसार तय गरिएका कार्यात्मक लक्ष्यहरुलाई कार्यान्वयन गर्न यस विभाग र मातहतका कार्यालयहरु आवश्यक कार्य योजना बनाई आफ्ना गतिविधिहरु त्यसतर्फ केन्द्रित गरी उत्कृष्ट कार्य सम्पादन गर्न सक्षम हुनेछन् भन्ने विश्वास लिएको छु।

चालु आर्थिक वर्ष २०७८/७९ को वार्षिक नीति तथा कार्यक्रम, बजेट वक्तव्यमा समावेश राजस्व नीति र तदअनुसार निर्धारण गरिएको रु. ५२२ अर्ब ८१ करोड राजस्व असुली गर्नु विभाग र मातहत सबै कार्यालयहरुको सामुहिक लक्ष्य हो। उक्त लक्ष्य अनुसार राजस्व असुली गर्न कर परिवारका हामी सबै कर्मचारीहरु सामुहिक रुपले प्रतिवद्ध भई उच्च मनोवलका साथ कार्यक्षेत्रमा आ-आफ्नो जिम्मेवारी पुरा गर्नुपर्नेछ।

आगामी दिनमा आन्तरिक राजस्वको योगदान बढाउनको लागि कर प्रणालीलाई सवल र प्रभावकारी बनाउन सूचना प्रविधिको विकासलाई केन्द्रमा राख्दै करदाताको कर सहभागिता लागत र समय घटाउने र कर प्रशासनको कर संकलन लागत घटाउने तर्फ मेरो ध्यान केन्द्रित रहने छ।

अन्त्यमा, बिद्यमान जनशक्तिलाई प्रभावकारी रुपमा परिचालन गरी कार्यालयलाई वार्षिक रुपमा तोकिएको राजस्व असुली लगायतका कार्यमूलक परिसूचक प्राप्त गर्नेतर्फ कार्यालय प्रमुख लगायत सबै कर्मचारीहरुले स्वीकृत आचार संहिताको अक्षरश: परिपालना गर्दै सदाचार, उच्च मनोवल, कार्यकुशलता, पारदर्शिता एवं जवाफदेहिताका साथ कार्यसम्पादन गर्न आग्रह गर्दछु।

**झक्कप्रसाद आचार्य**
**महानिर्देशक**


“कर छलीको सूचना दिई सचेत नागरिकको परिचय दिऔं ।”

पेज नं. १ बाट क्रमश .....

अतिथिहरुमा अर्थमन्त्रालय राजस्व व्यवस्थापन महाशाखाका प्रमुख रामेश्वर दंगाल, नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष शेखर गोल्छा, नेपाल उद्योग परिसंघका अध्यक्ष सतिश कुमार मोर, नेपाल चेम्बर अफ कमर्शका वरिष्ठ उपाध्यक्ष राजेन्द्र मल्ल लगायतका महानुभावहरुको उपस्थिति रहेको थियो। कार्यक्रममा आ.रा.वि.का उपमहानिर्देशकज्यूहरु मुक्तिप्रसाद पाण्डे, शम्भुप्रसाद मरासिनी, आनन्द काफ्ले, सुचना प्रविधि विज्ञ रमेश पौडेल, ठूला करदाता कार्यालयका प्रमुख कर प्रशासक बाबुराम गौतम, मध्यमस्तरीय करदाता कार्यालयका प्रमुख कर प्रशासक अर्जुन प्रसाद भट्टराई, सम्मानित हुनुहुने प्रतिष्ठित उद्योगी व्यवसायीहरु, अर्थ मन्त्रालयका उपसचिवहरु, आ. रा. विभागका निर्देशकहरु, विभिन्न आ.रा.का. का प्रमुख कर अधिकृतहरु, विभागका शाखा अधिकृतहरु तथा पत्रकार महानुभावहरु लगायतको सहभागिता थियो ।

उक्त कार्यक्रममा फरक फरक क्षेत्रलाई समेट्ने गरी आ.व. २०७६/०७७ मा उत्कृष्ट कर सहभागिता जनाउनुहुने तपसिल बमोजिमका पन्ध्र करदाता तथा प्रतिनिधिहरुलाई सम्मानित गरिएको थियो।

| क्र.सं. | क्षेत्र | स्था.ले.नं. | करदाताहरुको नाम | सम्मान पत्र ग्रहण |
|---|---|---|---|---|
| १ | आ.व. २०७५/०७६ मा सबैभन्दा बढी कर तिर्ने करदाता | ३०००२००१८ | सूर्य नेपाल प्रा.लि. | संचालक श्री रवि के सी |
| २ | निर्यातकर्ताहरुमध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | ३०००२०३७५ | डाबर नेपाल (प्रा.) लि. | वित्त प्रमुख श्री शशि रन्जन मिश्र |
| ३ | सबैभन्दा बढी आयकर तिर्ने विशेष उद्योग | ५०००५४३७२ | हिमाल पावर लिमिटेड | तर्फवाट उमेश शर्मा |
| ४ | कृषि एवं पशुपंछीजन्य उद्योग मध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | ३०२४६२३९७ | अन्नपूर्ण एग्रो इण्डष्ट्रिज प्रा.लि | संचालक श्री धातानन्द कंडेल |
| ५ | सहकारी तथा लघुवित्त मध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | ३००२८३३४९ | छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड | सिईओ श्री चोलराज शर्मा जोशी |
| ६ | बैंक वित्तीय संस्था मध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | ५००१८४५६७ | नविल बैंक लि. | सिईओ श्री अनिल केशरी शाह |
| ७ | वीमा व्यवसाय मध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | ६०२४३२१५९ | नेपाल पुनर्बीमा कम्पनी लिमिटेड | सिईओ श्री शंकर कुमार रायमाझी |
| ८ | शिक्षा सेवा मध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | ३००४४९१६१ | मनिपाल एजुकेशन एण्ड मेडिकल ग्रुप (नेपाल) प्राइभेट लिमिटेड | अस्पतालका वित्त कार्यकारी श्री रविन्द्र ठाकुर |
| ९ | बिप्रेषणको कारोबार गर्ने मध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | ३००७२६१४९ | आईएमई लिमिटेड | संचालक श्री चन्द्र प्रसाद ढकाल |
| १० | व्यापार व्यवसाय मध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | ३०००४५५७२ | अग्नी इन्कर्पोरेटेड प्रा.लि. | संचालक श्री क्याविनेट श्रेष्ठ |
| ११ | पर्यटन व्यवसाय मध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | ३०००५२६३७ | तारागाउ रिजेन्सी होटल्स लिमिटेड | प्रमुख वित्त अधिकृत रानी वाड. |

| | | | | |
|---|---|---|---|---|
| १२ | मध्यमस्तरीय करदाता कार्यालयको कार्य क्षेत्रभित्र पर्ने करदाताहरुमध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | ३०२६४५८९१ | कामना सेवा विकास बैंक लिमिटेड | विजनेश हेड श्री दिमाश अमात्य |
| १३ | आ.रा.का.हरुको कार्य क्षेत्रभित्रबाट सबैभन्दा बढी आयकर तिर्ने करदाता | ३०२५८९०६९ | भि.एफ.सर्भिसेज (मोरिसस) प्रा.लि. | संचालक श्री अमित चुके |
| १४ | व्यक्तिगत आयकर तिर्नेहरु मध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | १०३७०३८०६ | विजयकुमार शाह | विजयकुमार शाह |
| १५ | मूल्य अभिबृद्धि कर तर्फ उत्कृष्ट कर सहभागिता भएको करदाता मध्ये (मूल्य अभिबृद्धि कर तर्फ २०६६/६६ देखि २०७७ असारमसान्तसम्म समयमै कर विवरण र कर बुझाएका करदाता तथा आ.व.२०७६।०७७ मा सबैभन्दा बढी मू.अ.कर तिर्ने करदाता) | ३०२६९७८६३ | घोराही सिमेन्ट इण्डष्ट्रि प्रा.लि. | संचालक श्री संजय वंशल |



कार्यक्रमलाई सम्बोधन गर्दै सचिव (राजस्व) रामशरण पुडासैनीले सम्मानित हुने करदातालाई बधाई दिदै कर प्रशासनलाई निजी क्षेत्रको विश्वास वृद्धि हुने गरी काम गर्न निर्देशन दिनु भयो। कार्यक्रममा निजी क्षेत्रका छाता संगठनका तर्फबाट नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष शेखर गोल्छाले सम्मानित हुने करदाताहरु निजीक्षेत्रका Showcase भएको र यस प्रकारको पुरस्कारलाई निरन्तरता दिनुपर्नेमा जोड दिनुभयो। च्याम्बर अफ कमर्शका वरिष्ठ उपाध्यक्ष राजेन्द्र मल्लले जनताले तिरेको करको सहि सदुपयोग हुनुपर्ने र स्थानीय तहमा पनि करदातालाई सम्मान गर्ने तथा कर प्रणाली डिजिटल प्रविधिमा लैजानुपर्नेमा जोड दिनु भयो। कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक झक्क प्रसाद आचार्यले सम्मानित हुने करदाताहरुलाई वधाई दिदै करप्रणालीमा भएको समसामयिक सुधारहरुको बारेमा प्रकाश पार्नुभयो। साथै वहाँले कोभिड-१९ ले राजस्व संकलनमा उल्लेख्य प्रभाव पारेको अवस्थामा समेत राजस्व संकलनमा निजी क्षेत्रको योगदानको प्रशंसा गर्नुभयो।

# कार्यालयको अनुगमन सम्पन्न

सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम ४० ले गरेको व्यवस्थाको कार्यान्वयन गर्न तथा आन्तरिक राजस्व विभाग अन्तरगतका कार्यालयहरुको कार्य सम्पादन स्तरलाई थप गुणस्तरीय, सेवाग्राहीमैत्री एवं प्रविधिमैत्री बनाउने उद्देश्यले कोभिड-१९ को प्रतिकुल अवस्थाका वावजुत पनि आन्तरिक राजस्व विभागले २०७७/७८ मा ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय लगायत ३४ वटा आन्तरिक राजस्व कार्यालयहरूको आ.व. २०७७/०७८ मा सम्पादन गरेका कार्यको अनुगमन सम्पन्न गरियो । अनुगमनको क्रममा ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालयमा मन्त्रालयका श्रीमान सचिव (राजस्व), राजस्व व्यवस्थापन महाशाखा प्रमुख र महानिर्देशकज्यूको समेतको उपस्थिति रहेको थियो । अनुगमनका क्रममा कार्यालयले सम्पादन गरेका कार्यको अनुगमन गरी कार्यालय प्रमुख लगायत सबै कर्मचारीहरुलाई तोकिएको राजस्व असुली तथा कार्यमूलक परिसूचकहरुको लक्ष्य अनुरुप प्रगति हासिल गर्न थप प्रयास गर्न, कर बक्यौता असुलीमा जोड दिन, करदाता शिक्षामा जोड दिन, सूचनामा आधारित बजार अनुगमन गरी कर सहभागिता अभिवृद्धि गर्न, कर परीक्षण तथा अनुसन्धानको कार्यलाई थप गुणस्तरीय एवं नतिजामूलक बनाउन, सेवा प्रवाहलाई छिटो, छरितो र थप प्रविधिमैत्री बनाउन, उच्च मनोवल सदाचार र सुशासनमा जोड दिई कार्यसम्पादन गर्न निर्देशन दिईएको थियो ।

# विविध विषयमा तालिम सञ्चालन

आन्तरिक राजस्व प्रशासनको समग्र कार्यसम्पादनस्तरमा गुणस्तरीयता कायम गर्नका लागि कर्मचारीहरुको ज्ञान सीप र क्षमतामा अभिबृद्धि गर्न यस विभागको आ.व.२०७७/७८ को स्वीकृत वार्षिक तालिम क्यालेण्डर अनुसार विभिन्न मितिमा देहाय अनुसारका तालिमहरु सञ्चालन गरेको छ । सहभागीहरुको भर्चुअल तथा विभागको सभाहलमा भौतिक उपस्थितिमा आन्तरिक र बाह्य प्रशिक्षकहरुले सहजीकरण गर्नु भएको उक्त तालिमहरुमा प्रमुख कर अधिकृत र कर अधिकृतहरु सहभागी हुनु भएको थियो ।

| सि.नं. | तालिमको विषय | मिति | सहभागी संख्या |
|---|---|---|---|
| १ | अन्तःशुल्क व्यवस्थापन सम्बन्धी तालिम | २०७७/१२/१८ र १९ गते | २२ जना |
| २ | स्थायी संस्थापन र दोहोरो करमुक्ति सम्झौता सम्बन्धी तालिम | २०७८/०१/१२, १३ र १४ गते | २३ जना |
| ३ | आ.रा.का. सिमरा, लाहान, विरगंज, लाहान र जनकपुर तथा अन्तर्गतका करदाता सेवा कार्यालयमा एकिकृत कर प्रणाली सम्बन्धी तालिम तथा Onsite Coaching | २०७७/१२/२० देखि २७ सम्म | |
| ४ | विस्तृत कर अनुसन्धान सम्बन्धी तालिम | २०७७/११/२५ र २६ गते | २२ जना |
| ५ | कानूनी कार्यविधि सम्बन्धी तालिम | २०७८/०२/२५ गते | १९१ जना |

वर्ष ८, अङ्क ३, २०७७ चैत्र-२०७८ अषाढ  Year 8, Issue 3, April-July, 2021

पेज नं. १ बाट क्रमश .....

**राजस्व संकलनमा.........**


९५.१५ प्रतिशत संकलन भएको छ। मूल्य अभिवृद्धि करतर्फ रु ११२ अर्व ०३ करोड लक्ष्यमा रु. ११६ अर्व ४२ करोड संकलन अर्थात् लक्ष्यको १०३.९२ प्रतिशत संकलन भएको छ। अन्त:शुल्कमा रु ८१ अर्ब ५१ करोड संकलन भएको छ जुन रु ९५ अर्ब ७८ करोड लक्ष्यको ८५.१० प्रतिशत हुन आँउछ। त्यसैगरी शिक्षा सेवा शुल्कमा रु.१३४ करोड लक्ष्यमा रु. ३६ करोड संकलन भई लक्ष्यको तुलनामा २७.२१ प्रतिशत संकलन भएको छ।

रु. हजारमा

| शिर्षक | गत आ.व. (२०७६/०७७) को संकलन | आ.व. २०७७/०७८ | | | वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|
| | | लक्ष्य | प्रगति | प्रगति प्रतिशत | |
| आयकर | १९३२३८११३ | २१०९८७२०० | २००७६२७७९ | ९५।१५ | १०३।८९ |
| बहालकर | २६४७९६८ | ४०४६१८७ | २८६०४३५ | ७०।६९ | १०८।०२ |
| ब्याजकर | २२००९५५८ | २३००६२०० | २२३१३५०६ | ९६।९९ | १०१।३८ |
| जम्मा आयकर | २१७८९५६३९ | २३८०३९५८७ | २२५९३६७२० | ९४।९२ | १०३।६९ |
| मूल्य अभिवृद्धि कर | ९८१६७५१३ | ११२०३६२०० | ११६४२९७३५ | १०३।९२ | ११८।६० |
| अन्त:शुल्क | ६४८४०४२५ | ९५७८३५९९ | ८१५१४०४८ | ८५।१० | १२५।७१ |
| स्वास्थ्य सेवा शुल्क | ३४५५१५९ | ३१३९३०० | ५०२००३४ | १५९।९१ | १४५।४९ |
| शिक्ष सेवा शुल्क | ५८३०७८ | १३४९७०० | ३६७२४४ | २७।२१ | ६२।९८ |
| **कूल जम्मा** | **३८४९४१८१४** | **४५०३४८३८६** | **४२९२६७७८१** | **९५।८** | **१२१।७१** |

# विभागको राजस्व असूलीको ५ वर्षको प्रवृति

राजस्व असुलीको विगत ५ आर्थिक बर्षको प्रवृति हेर्दा आ.व २०७३/७४ मा २६.४ प्रतिशतको वृद्धिदर रहेको देखिन्छ। त्यसपछि आ. व. २०७४/०७५ मा राजस्व वृद्धिदरमा केही संकुचन आएर १५.६ प्रतिशत रहेको छ । यसैगरी आ.व. २०७५/७६ मा पुन: वृद्धि भई २० प्रतिशत पुगेको थियो । आ.व. २०७६/७७ मा वृद्धिदर घट्न गई ७.२६ प्रतिशतमा र २०७७/७८ मा सामान्य सुधार भई ११.६८ प्रतिशत पुगेको छ। पछिल्ला दुई आर्थिक वर्षमा कोभिड-१९ को महामारीका कारण आर्थिक गतिविधिमा समेत संकुचन आएको कारणले राजस्व संकलन समेत प्रभावित भएको छ।




| | 2073/074 | 2074/075 | 2075/076 | 2076/077 | 2077/078 |
|---|---|---|---|---|---|
| वार्षिक लक्ष्य (रु अर्वमा) | 233.6 | 299.91 | 404.22 | 506.18 | 450.34 |
| वार्षिक असूली (रु अर्वमा) | 258.51 | 298.73 | 358.36 | 384.42 | 429.12 |
| प्रगति प्रतिशत | 110.7 | 99.6 | 88.7 | 75.94 | 95.29 |
| वृद्धिदर प्रतिशत | 26.4 | 15.6 | 20 | 7.26 | 11.63 |

# आन्तरिक राजस्व कार्यालय बागलुङबाट कर शिविरको आयोजना

भौगोलिक रुपमा टाढा रहेको करदाताहरुलाई करको दायरामा ल्याउने र कर सम्बन्धी सेवा स्थानीय रुपमा प्रदान गर्न आन्तरिक राजस्व कार्यालय बागलुङले २०७७ चैत्र २६ गतेदेखि चैत्र २८ सम्म मुस्ताङमा प्रमुख कर अधिकृत जनकराज शर्माको नेतृत्वमा कर शिविरको आयोजना गरियो। कर शिविरमा करदाता शिक्षा, स्थायी लेखा नम्बर जारी, विवरणहरु सच्याउने लगायतको सेवा प्रवाह गरिएको थियो।

**क) करदाता शिक्षा**

१. २०७७ चैत्र २६ गते मुस्ताङको मार्फामा सो जिल्लामा रहेको डिष्टिलरीहरुका सञ्चालक र कर्मचारीहरुलाई अन्तःशुल्क ऐन, नियम बमोजिम प्रतिष्ठान सञ्चालन गर्ने विषयमा कर अधिकृत इश्वर प्रसाद जोशीबाट जानकारी प्रदान।

२. २०७७/१२/२७ मा मुस्ताङको जोमसोममा कर अधिकृत इश्वर प्रसाद जोशीबाट तहाँका स्थानीय करदाताहरुलाई कर सम्वन्धी विविध विषयमा जानकारी प्रदान।

३. २०७७/१२/२८ मा मुस्ताङको चराङमा लोघेकर दामोदरकुण्ड गाँउपालिकाको संयोजनमा विशेषगरी कृषि र पशुपालन व्यवसाय सञ्चालकहरुलाई कर सम्वन्धी आवश्यक जानकारी कर अधिकृत इश्वर प्रसाद जोशीबाट प्रदान।

**ख) स्थायी लेखा नम्वर जारी तथा अन्य सेवा**

१. २०७७/१२/२७ मा मुस्ताङको जोमसोममा आयोजित कर शिविरबाट ४६ जना करदाताहरुले स्थायी लेखा नम्वरका साथै अन्य सेवा प्राप्त गरेका थिए।

२. २०७७/२/२८ मा मुस्ताङको चराङमा आयोजित कर शिविरबाट जम्मा ७४ जना करदाताहरुले स्थायी लेखा नम्वरका साथै अन्य सेवा प्राप्त गरेका थिए।



# आन्तरिक राजस्व कार्यालय दमौलीद्वारा अवैध मदिरा नियन्त्रण समितिको बैठक सम्पन्न

यस कार्यालयका प्रमुख कर अधिकृतको संयोजकत्वमा मिति २०७८/०३/२१ गतेकादिन जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, तनहूँ उद्योग वाणिज्य संघ र व्यास नगरपालिकाका प्रतिनिधिहरुको उपस्थितिमा अवैध मदिरा नियन्त्रण समितिको बैठक सम्पन्न गरियो । यस कार्यालयको नियमित कार्यक्रम र अघिल्लो मिति २०७७/१०/०७ को बैठकले गरेको निर्णयानुसार मदिरा बिक्रेतालाई लक्षित गरी सम्पन्न गरिएको बजार अनुगमनको समीक्षा गर्दै कोभिड-१९ को दोश्रो लहरबाट प्रभावित बजारको अवस्था सहज हुनासाथ प्रहरीसँगको समन्वयमा पुनःबजार अनुगमन कार्य अगाडी बढाउने निर्णय गरियो ।

## आन्तरिक राजस्व विभाग

| | **Online** सेवा मार्फत करदाताले आफ्नो अन्तःशुल्क इजाजतपत्र आफै नविकरण गर्ने प्रक्रिया |
|---|---|
| १ | https://ird.gov.np मा Log in गर्ने |
| २ | Taxpayer Portal मा Click गर्ने |
| ३ | Excise Menu leq Self Renew Permit मा Click गर्ने |
| ४ | आफ्नो PAN र इजाजतपत्र नम्बर राख्ने |
| ५ | Register Button मा Click गर्ने । कुन कुन कारोबार गर्ने इजाजतपत्र लिएको छ र सोको लागि कति इजाजत दस्तुर लाग्दछ भन्ने सूचना देखिनेछ । |
| ६ | बैंक छनौट गर्ने |
| ७ | Submit Button Click गर्ने |
| ८ | Connect IPS मा गई दस्तु भुक्तानी गर्ने |
| ९ | इजाजतपत्र प्रिन्ट गर्न Taxpayer Portal को General Menu भित्र Taxpaer Log in मा Click गर्ने |
| १० | PAN, User ID, Password राखी Log in गर्ने |
| ११ | KYT Form भर्न बाँकी भएमा सो फाराम भर्ने । सोको लागि KYT Link मा Click गर्ने |
| १२ | Print Excise Permit Menu मा गई इजाजतपत्र नम्बर राख्ने |
| १३ | Search Button Click गर्ने |
| १४ | Print Icon मा Click गर्ने |

# आर्थिक अध्यादेश, २०७८ तथा नियमावलीहरूमा भएका केही व्यवस्थाहरु

(क) **शिक्षा सेवा शुल्क (दफा ८, २०७८ जेठ १५ देखि लागू हुने)**

विदेशी मुद्राको सटही सुविधा उपलब्ध गराउने बैङ्क वा वित्तीय संस्थाले शिक्षा सेवा शुल्क बापत सङ्कलन गरेको रकम तोकिएको म्यादभित्र दाखिला नगरेमा वार्षिक पन्ध्र प्रतिशतका दरले ब्याज बुझाउनु पर्ने व्यवस्था गरिएको । यसरी सटही सुविधा लिई शिक्षा सेवा शुल्क बुझाएका तर विदेशमा अध्ययन गर्न जान नपाएका विद्यार्थीले विदेशी मुद्रा फिर्ता गरी शिक्षा सेवा शुल्क फिर्ता माग गरेमा विभागले तोकेको प्रक्रिया बमोजिम सम्बन्धित बैङ्क मार्फत फिर्ता दिइने व्यवस्था गरिएको ।

**(ख) छुट तथा सुविधा (स्कीम)**

(१) **प्रशासकीय पुनरावलोकन वा पुनरावेदनमा रहेका मुद्दा फिर्ता लिएमा कर छुट (दफा २०, २०७८ जेठ १५ देखि लागू हुने)**

मूल्य अभिवृद्धि कर ऐन, २०५२, अन्तःशुल्क ऐन, २०५८ र आयकर ऐन, २०५८ बमोजिम संवत् २०७७ साल असार मसान्तभित्र भएको कर निर्धारण वा अन्तःशुल्क निर्धारण वा संशोधित कर निर्धारणउपर चित्त नबुझाई आन्तरिक राजस्व विभाग समक्ष प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिई विचाराधीन रहेका वा विभागको निर्णयमा चित्त नबुझाई राजस्व न्यायाधिकरण वा अदालतमा पुनरावेदनमा गई विचाराधीन रहेका मुद्दामध्ये झुट्टा तथा नक्कली बीजक सम्बन्धमा भएको कर निर्धारण वा संशोधित कर निर्धारण बाहेकका मुद्दा सम्बन्धित करदाताले फिर्ता लिई त्यस्तो निर्धारणबाट कायम भएको मूल्य अभिवृद्धि कर, अन्तःशुल्क र आयकर बापतको कर वा अन्तःशुल्क रकम र यस उपदफाको सुविधा उपभोग गर्न निवेदन दिएको मितिसम्मको ब्याजको पचास प्रतिशत रकम संवत् २०७८ साल मङ्सिर मसान्तभित्र बुझाएमा सो मा लागेको शुल्क, थप दस्तुर, जरिवाना तथा बाँकी ब्याज मिन्हा हुने ।

(२) **बक्यौता मिन्हा सम्बन्धी विशेष व्यवस्था (दफा २१, २०७८ जेठ १५ देखि लागू हुने)**

(क) अन्तःशुल्क ऐन, २०१५ बमोजिम लगत कायम भई हालसम्म असुल हुन नसकेको बक्यौता रकम, आयकर ऐन, २०३१ बमोजिम लगत कायम भई हालसम्म असुल हुन नसकेको बक्यौता रकम र मूल्य अभिवृद्धि कर ऐन, २०५२ ले प्रतिस्थापन गरेका होटल कर, मनोरञ्जन कर, ठेक्का कर र बिक्रीकर ऐन बमोजिम लगत कायम भई हालसम्म असुल हुन नसकेको बक्यौता रकममध्ये अन्तःशुल्क वा कर रकमको पचहत्तर प्रतिशत रकम संवत् २०७८ साल पुस मसान्तभित्र बुझाएमा सोमा लागेको जरिबाना, शुल्क, ब्याज र बाँकी अन्तःशुल्क वा कर मिन्हा हुने ।

(ख) मूल्य अभिवृद्धि कर ऐन, २०५२, अन्तःशुल्क ऐन, २०५८ र आयकर ऐन, २०५८ बमोजिम संवत् २०७६ साल असार मसान्तसम्म कर निर्धारण वा अन्तःशुल्क निर्धारण वा संशोधित कर निर्धारण भई बक्यौता रहेको रकममध्ये झुट्टा तथा नक्कली बीजक सम्बन्धमा भएको कर निर्धारणबाट कायम भएको बक्यौता बाहेक अन्य बक्यौताको हकमा कर वा अन्तःशुल्क

रकम र यस उपदफाको सुविधा उपभोग गर्न निवेदन दिएको मितिसम्मको ब्याज संवत् २०७८ साल पुस मसान्तभित्र बुझाएमा सोमा लागेको शुल्क, थप दस्तुर र जरिबाना मिन्हा हुने ।

(ग) गैर नाफामूलक सामुदायिक अस्पताल वा स्वास्थ्य संस्था तथा विद्युतीय सञ्जालमा आधारित सवारी सेवा उपलब्ध गराउने सञ्चालकलाई मूल्य अभिवृद्धि कर ऐन, २०५२ र आयकर ऐन, २०५८ बमोजिम आन्तरिक राजस्व कार्यालयबाट संवत् २०७८ साल जेठ १५ गतेभन्दा अघि कर निर्धारण वा संशोधित कर निर्धारण भई न्यायिक प्रक्रियामा नरहेका त्यस्ता करदाताले संवत् २०७८ साल पुस मसान्तभित्र बक्यौता मिन्हाको लागि निवेदन दिएमा त्यस्तो बक्यौता मिन्हा हुने ।

(३) **उत्पतिको प्रमाणपत्र जारी गरे वापतको छुट (दफा २२, २०७८ जेठ १५ देखि लागू हुने)**

निकासी प्रयोजनको लागि उत्पत्तिको प्रमाणपत्र जारी गर्ने निकाय वा संस्थाले संवत् २०७८ साल जेठ १४ गतेसम्म त्यस्तो प्रमाणपत्र जारी गरे बापत बुझाउन बाँकी मूल्य अभिवृद्धि कर वा सो मितिसम्म आन्तरिक राजस्व कार्यालयबाट कर निर्धारण भई बुझाउन बाँकी रहेको मूल्य अभिवृद्धि कर र सोमा लागेको ब्याज, थप दस्तुर र जरिबाना मिन्हा हुने ।

(४) **ट्रेकिङ्ग तथा टुर प्याकेजमा छुट (दफा २३, २०७८ जेठ १५ देखि लागू हुने)**

(क) ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीको कारोबार गर्ने व्यक्तिले विगतमा ट्रेकिङ्ग तथा टुर प्याकेजमा मूल्य अभिवृद्धि कर लाग्ने कारोबारलाई कर छुटको बिक्री अन्तर्गत देखाई मूल्य अभिवृद्धि कर संकलन र दाखिल नगरेकोमा संवत् २०७८ साल जेठ १४ गतेसम्मको कारोबारको स्वयं घोषणा गरी त्यस्तो कारोबारमा लाग्ने मूल्य अभिवृद्धि कर संवत् २०७८ साल पुस मसान्तभित्र दाखिल गरेमा सोमा लाग्ने थप दस्तुर, ब्याज र जरिबाना मिन्हा हुने ।

(ख) उपदफा (१) बमोजिम कर छुटको बिक्री अन्तर्गतको कारोबारमा आन्तरिक राजस्व कार्यालयबाट कर निर्धारण भई तिर्न बाँकी रहेको बक्यौता करमध्ये निर्धारित कर रकम संवत् २०७८ साल पुस मसान्तभित्र दाखिल गरेमा सोमा लागेको थप दस्तुर, ब्याज र जरिबाना मिन्हा हुने ।

(ग) उपदफा (२) बमोजिम भएको कर निर्धारण उपर प्रशासकीय पुनरावलोकनको लागि आन्तरिक राजस्व विभाग वा राजस्व न्यायाधिकरणमा निवेदन दिई मुद्दा विचाराधीन रहेको व्यक्तिले त्यस्तो मुद्दा फिर्ता लिई निर्धारित कर रकम संवत् २०७८ साल पुस मसान्तभित्र दाखिल गरेमा सोमा लागेको थप दस्तुर, ब्याज र जरिबाना मिन्हा हुने ।

(५) **स्वास्थ्य सेवा प्रदायक संस्थालाई छुट (दफा २४, २०७८ जेठ १५ देखि लागू हुने)**

स्वास्थ्य सेवा प्रदायक संस्थाले मूल्य अभिवृद्धि कर लाग्ने वस्तु वा सेवा खरिद गर्दा तिरेको मूल्य अभिवृद्धि कर बिक्रीमा संकलन गरेको मूल्य अभिवृद्धि करमा मिलान हुन नसकेको बाँकी रकम स्वास्थ्य सेवामा लाग्दै आएको मूल्य अभिवृद्धि कर

खारेज भई कर विवरणमा डेविट समायोजन गर्दा तिर्न बुझाउन बाँकी रहेको रकममध्ये त्यसरी समायोजन गरेको कर रकम संवत् २०७९ साल असार मसान्तभित्र बुझाएमा सोमा लागेको थप दस्तुर र ब्याज मिन्हा हुने ।

(६) **ढुवानी साधनको भाडा बापतको खर्च कट्टी सम्बन्धी विशेष व्यवस्था (दफा २५, २०७८ जेठ १५ देखि लागू हुने)**

ढुवानी सेवा प्रदायक व्यवसायीले आफ्नो व्यवसाय सञ्चालनको लागि आर्थिक वर्ष २०७६/७७ मा स्थायी लेखा नम्बर नभएका प्राकृतिक व्यक्तिबाट ढुवानीका साधन भाडामा लिई त्यस्तो भाडा बापतको रकम भुक्तानी गर्दा आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (८) बमोजिम अग्रिम कर कट्टी गरी भुक्तानी गरेकोमा सो ऐनको दफा २१ को उपदफा (१) को खण्ड (३२) बमोजिमको बीजक नभए पनि त्यसरी भुक्तानी गरिएको भाडा बापतको रकम सो आय वर्षको करयोग्य आय गणना गर्दा खर्च कट्टी गर्न पाउने ।

(७) **अन्त:शुल्क इजाजतपत्र नवीकरणमा छुट (दफा २६, २०७८ जेठ १५ देखि लागू हुने)**

(क) अन्त:शुल्क ऐन, २०५८ बमोजिम इजाजतपत्र लिई तोकिएको अवधिभित्र नवीकरण नगराउने इजाजतपत्रवालाले इजाजतपत्र नवीकरण गराई कारोबारलाई निरन्तरता दिन चाहेमा संवत् २०७८ साल साउन मसान्तभित्र प्रत्येक वर्षको लागि नवीकरण बापत लाग्ने दस्तुर बुझाई नवीकरण गरेमा लाग्ने जरिबाना मिन्हा हुने ।

(ख) उपदफा (१) मा तोकिएको अवधिभित्र नवीकरण नगराउने इजाजतपत्रवालाको इजाजतपत्र स्वत: खारेज हुने ।

(८) **जिएसएम मोवाइल सेवा इजाजतपत्रको दोस्रो नवीकरण दस्तुरको खर्च कट्टी तथा आय लेखाङ्कन सम्बन्धी विशेष व्यवस्था (दफा २७, २०७८ जेठ १५ देखि लागू हुने)**

(क) नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६/०२/१० को निर्णय नेपाल अनुसार नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको जिएसएम मोबाइल सेवा इजाजतपत्रको दोस्रो नवीकरण बापत आर्थिक वर्ष २०७०/७१ देखि आर्थिक वर्ष २०७५/७६ सम्मको बुझाउनु पर्ने दस्तुर आर्थिक वर्ष २०७५/७६ देखि पाँच किस्तामा भुक्तानी गर्ने सुविधा प्रदान भए बमोजिम प्रत्येक वर्ष भुक्तानी गर्नु पर्ने किस्ता बापतको रकम नेपाल दूरसञ्चार कम्पनी लिमिटेडले भुक्तानी गरेको आय वर्षमा आयकर ऐन, २०५८ बमोजिम करयोग्य आय गणना गर्दा खर्च कट्टी गर्न पाउने ।

(ख) उपदफा (१) बमोजिम नेपाल दूरसञ्चार कम्पनी लिमिटेडले किस्ताबन्दी रुपमा भुक्तानी गरेको नवीकरण दस्तुर बापतको रकम नेपाल दूरसञ्चार प्राधिकरणले त्यसरी भुक्तानी प्राप्त भएको आय वर्षमा आयकर ऐन, २०५८ बमोजिम करयोग्य आय गणना गर्दा आयमा समावेश गरी कर दायित्व भुक्तानी गर्नु पर्ने ।

(९) **कोभिड-१९ को सङ्क्रमणबाट प्रभावित कारोबारमा कर छुट (दफा २८, २०७८ जेठ १५ देखि लागू हुने)**

(१) बीस लाख रुपैयाँसम्मको कारोबार वा दुई लाखसम्म आय भई आयकर ऐन, २०५८ को दफा ४ को उपदफा (४) बमोजिम कर लाग्ने करदातालाई आय वर्ष २०७७/७८ मा लाग्ने करमा नब्बे प्रतिशत छुट हुने ।

(२) आयकर ऐन, २०५८ को दफा ४ को उपदफा (४क) बमोजिम कारोबारको आधारमा कर बुझाउने बीस लाख रुपैयाँदेखि पचास लाख रुपैयाँसम्मको कारोबार भएका करदातालाई आय वर्ष २०७७/७८ मा लाग्ने करमा पचहत्तर प्रतिशत छुट हुने ।

(३) एक करोड रुपैयाँसम्मको व्यावसायिक कारोबार भएका व्यक्तिलाई आय वर्ष २०७७/७८ मा आयकर ऐन, २०५८ बमोजिम लाग्ने करमा पचास प्रतिशतले छुट हुने ।

(४) होटल, ट्राभल, ट्रेकिङ्ग, चलचित्र व्यवसाय (निर्माण, वितरण तथा प्रदर्शन), पार्टी प्यालेस, सञ्चार गृह (मिडिया हाउस), यातायात वा हवाई सेवाको एक करोड रुपैयाँभन्दा बढी कारोबार गर्ने व्यक्तिलाई आय वर्ष २०७७/७८ मा आयकर ऐन, २०५८ बमोजिमको करयोग्य आयमा एक प्रतिशत मात्र कर लाग्नेछ ।

(५) उपदफा (४) बमोजिमको व्यवसायमा आय वर्ष २०७६/७७ र २०७७/७८ मा नोक्सानी भएको रहेछ भने आयकर ऐन, २०५८ को दफा २० को उपदफा (१) बमोजिम त्यस्तो नोक्सानी कट्टी गर्न पाउने अवधिमा तीन वर्ष थप हुनेछ ।

**(१०) कोरोना सङ्क्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा योगदान गरेको खर्च सम्बन्धी विशेष व्यवस्था (दफा २९, २०७८ जेठ १५ देखि लागू हुने)**

कुनै व्यक्तिले आर्थिक वर्ष २०७७/७८ मा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले स्थापना गरेको कोरोना सङ्क्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा योगदान गरेको रकम उक्त वर्षको करयोग्य आय गणना गर्दा खर्च कट्टी गर्न पाउने ।

**(११) कोभिड-१९ बाट सङ्क्रमित सङ्क्रमित बिरामीको उपचार व्यवस्थापनका लागि आवश्यक पर्ने स्वास्थ्य सामग्रीमा कर छुट (दफा ३०, २०७८ जेठ १५ देखि लागू हुने)**

***कोभिड-१९ बाट सङ्क्रमित बिरामीको उपचार व्यवस्थापनका लागि आवश्यक पर्ने*** भन्सार उपशीर्षक २८०४.४०.१ मा पर्ने मेडिकल ग्रेड अक्सिजन (लिक्विड एण्ड ग्यास्यिस अक्सिजन), उपशीर्षक ९०१९.२०.९ मा पर्ने हेल्मेट्स फर नन्-इनभेसिभ भेन्टिलेटर्स, उपशीर्षक ७३११.००.१० मा पर्ने अक्सिजन सिलिण्डर, लिक्विड अक्सिजन कन्टेनर, लिक्विड अक्सिजन ट्याङ्क, अक्सिजन क्यानिस्टर, आई एस ओ कन्टेनर्स् फर सिपिङ्ग अक्सिजन र क्रोजेनिक रोड ट्रान्सपोर्ट ट्याङ्क फर अक्सिजन, उपशीर्षक ८४२१.३९.१० मा पर्ने भ्याकुम प्रेसर स्विङ्ग एडजोर्प्सन (भि.पि.एस.ए.), प्रेसर स्विङ्ग एडजोर्प्सन (पि.एस.ए.)अक्सिजन प्लान्ट्स र क्रोजेनिक अक्सिजन एयर सेपेरेसन युनिट्स (यु.एस.ए.), उपशीर्षक ८४८१.८०.२० मा पर्ने अक्सिजन सिलिन्डर भल्भ, उपशीर्षक ९०१८.३१.०० मा पर्ने सिरिन्ज पम्प ००, इन्फ्युजन पम्प, उपशीर्षक ९०१८.३९.०० मा पर्ने हाइ फ्लो नेसल क्यानुला, र उपशीर्षक ९०१८.१९.२०

मा पर्ने आइ.सि.यु. मनिटर उपशीर्षक ९०१९.२०.१० मा पर्ने अक्सिजन कन्सन्ट्रेटर, उपशीर्षक ९०२०.२० मा पर्ने भेन्टचुरी मास्क, रिजर्भ्वायर मास्क, भेन्टिलेटर मास्क र नन् इन्भेसिस् भेन्टिलेटर मास्क, उपशीर्षक ९०१९.२०.९० मा पर्ने भेन्टिलेटर सर्किट, अक्सिजन कनेक्टर्स एण्ड टच्युबिङ्ग ह्युमिडिफायर्स एण्ड भाइरल फिल्टर्स फर भेन्टिलेटर्स, ओरो-नेसल मास्क एण्ड नेसल मास्क फर नन् इन्भेसिस् भेन्टिलेटर्स; उपशीर्षक ८४२२.३०.०० मा पर्ने अक्सिजन फिलिङ्ग सिस्टम ००; उपशीर्षक ८४०५.१०.०० मा पर्ने अक्सिजन जेनेरेटर कम्प्रेसर, टच्युबिङ्ग, उपशीर्षक ९०२६.८०.१० मा पर्ने अक्सिजन फ्लोमिटर र अक्सिजन रेगुलेटर्स, र उपशीर्षक ९४०२.९०.१० मा पर्ने आइ.सि.यु. बेड, उपशीर्षक ९०२७.८०.१० मा पर्ने ब्लड ग्याँस एनालाइजर र ३००४.९०.९० मा पर्ने रेम्डेसिभिरको पैठारी, उत्पादन र बिक्री वितरणमा लाग्ने भन्सार महसुल, अन्तःशुल्क तथा मूल्य अभिवृद्धि कर संवत् २०७८ साल पुस मसान्तसम्म छुट हुने ।

(१२) **व्यावसायिक सामाजिक जिम्मेवारी बापतको रकम स्वास्थ्य क्षेत्रमा खर्च गरेमा खर्च कट्टी सम्बन्धी विशेष व्यवस्था (दफा ३१, २०७८ जेठ १५ देखि लागू हुने)**

आर्थिक वर्ष २०७७/७८ मा व्यावसायिक सामाजिक जिम्मेवारी बहन गर्ने प्रयोजनका लागि छुट्याइएको रकममध्ये नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको विशिष्टीकृत अस्पताल निर्माण तथा कोभिड- १९ को उपचारसँग सम्बन्धित स्वास्थ्य उपकरण तथा सामग्रीमा भएको खर्च आयकर प्रयोजनका लागि कट्टी गर्न पाउने ।

(१३) **सामाजिक सुरक्षा कोषमा योगदान बापतको रकम हस्तान्तरण सम्बन्धी विशेष व्यवस्था (दफा ३२, २०७८ जेठ १५ देखि लागू हुने)**

योगदानमा आधारित सामाजिक सुरक्षा कोष ऐन, २०७४ बमोजिम स्थापना भएको सामाजिक सुरक्षा कोषमा सहभागी भएको वा हुन चाहने कुनै योगदानकर्ताले स्वीकृत अवकाश कोषमा जम्मा गरेको रकम संवत् २०७८ साल चैत मसान्तभित्र सामाजिक सुरक्षा कोषमा हस्तान्तरण गरेमा त्यसरी हस्तान्तरण गरिएको रकममा आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम अवकाश भुक्तानी बापत कर कट्टी गर्नु नपर्ने ।

(१४) **प्राइभेट फर्म तथा कम्पनी नवीकरणमा छुट (दफा ३३, २०७८ जेठ १५ देखि लागू हुने)**

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ तथा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएका आर्थिक वर्ष २०७५/७६ सम्मको वार्षिक विवरण नबुझाएका तथा नवीकरण नगरेका फर्म तथा कम्पनीले संवत् २०७८ साल असोज मसान्तभित्र विवरण र जरिबाना तथा शुल्कको दश प्रतिशत रकम बुझाएमा बाँकी जरिबाना तथा शुल्क मिन्हा हुने ।

# आन्तरिक राजस्व विभागबाट भएको परिपत्र

मिति २०७८/०३/३१

श्री ठूला करदाता कार्यालय

श्री मध्यमस्तरीय करदाता कार्यालय

श्री आन्तरिक राजस्व कार्यालय, सबै

श्री करदाता सेवा कार्यालय, सबै

**विषय: कर बीजकको सिलसिलेवार नम्बर सम्बन्धमा**

मूल्य अभिबृद्धि कर ऐन २०५२ को दफा १४ र दफा १४ क ले कर बीजकका सम्बन्धमा कानूनी व्यवस्था गरेको छ। कर बीजकको सिलसिलेवार नम्बरका सम्बन्धमा विभागबाट विभिन्न मितिमा परिपत्र जारी गरिएका छन्। विद्युतीय बीजक सम्बन्धी कार्यविधि २०७४ ले पनि कम्प्युटर सफ्टवेयरबाट विद्युतीय बीजक जारी गर्ने सम्बन्धमा विभिन्न व्यवस्था गरेको छ। उक्त सबै व्यवस्थाहरुले प्रत्येक आर्थिक वर्षको शुरुदेखि कर बीजक नम्बर परिवर्तन हुने, बीजकको सिरियल नम्बरलाई Break गर्न नमिल्ने, विभिन्न शाखा उपशाखा वा कारोबारको प्रकृति अनुसार छुट्टाछुट्टै स्थानहरुबाट कर बीजक जारी गर्नु पर्ने भएमा त्यस्तो शाखा वा कारोबारलाई जनाउने गरी छुट्टै सिरियल नम्बरको स्वीकृति लिई बीजक जारी गर्न पाउने व्यवस्था गरेका छन्। तर यदाकदा धेरै शाखा हुने करदाताले शाखा कार्यालयहरुबाट जारी हुने बीजकको शीर्षभागमा शाखाको नाम उल्लेख गरी प्रत्येक शाखाबाट समानान्तर नम्बरका कर बीजक जारी भइरहेको जानकारी हुन आएको हुँदा केन्द्रीय बीजक अनुगमन प्रणाली विकासको सन्दर्भमा करदाताले जारी गर्ने प्रत्येक कर बीजक विशिष्ट र पृथक (Unique and distinct) हुनुपर्ने भएकाले यस पूर्व जारी भएका परिपत्र तथा कार्यविधिले गरेका व्यवस्थाहरुलाई कायम राख्दै कर बीजकको सिलसिलेवार नम्बरका सम्बन्धमा देहाय बमोजिम गर्नु गराउनु हुन निर्णायानुसार अनुरोध छ:

१. मूल्य अभिबृद्धि करमा दर्ता भएका सबै करदाताले मूल्य अभिबृद्धि कर ऐन २०५२ को दफा १४ बमोजिम म्यानुअल बीजक वा दफा १४ क बमोजिम विद्युतीय बीजक जारी गर्दा दोहोरो नम्बर नहुने गरी प्रत्येक बीजकको सिलसिलेवार नम्बर विशिष्ट र पृथक (Unique and distinct) हुने गरी बीजकमा छपाइ गर्ने वा आफ्नो कम्प्युटर सफ्टवेयरमा सुधार गर्ने।

२. म्यानुअल वा विद्युतीय माध्यमबाट एक भन्दा बढी स्थानहरुबाट कर बीजक जारी गर्नु पर्ने भएमा बीजक जारी गर्ने प्रत्येक स्थान (Billing Outlet) को पहिचान खुल्ने गरी कर बीजक नम्बरको अगाडि वा पछाडि वा मध्य भाग जहाँ भए पनि बीजक जारी गर्ने स्थान (Billing Outlet) को पहिचान खुल्ने कोड वा अक्षर वा संकेत अनिवार्य रुपमा राखी प्रत्येक कर बीजकलाई विशिष्ट र पृथक (Unique and distinct) बनाउने।

३. विभिन्न शाखा, उपशाखा वा काउण्टरबाट म्यानुअल बिलिंग गर्ने करदाताले बीजकको शीर्ष भागमा शाखा, उपशाखा वा काउण्टरको नाम उल्लेख गरे तापनि बीजकको सिलसिलेवार नम्बर विशिष्ट र पृथक (Unique and distinct) बनाउन माथि प्रकरण २ बमोजिम बीजक जारी गर्ने स्थान (Billing Outlet) को पहिचान खुल्ने कोड वा अक्षर वा संकेत राख्ने।

४. बीजक जारी गर्ने स्थान (Billing Outlet) को पहिचान खुल्ने कोड वा अक्षर वा संकेत राखी प्रत्येक आर्थिक वर्षमा बीजकको सिलसिलेवार नम्बर १ बाट शुरु गर्ने र बीजकको सिरियल नम्बरलाई Break गर्न नमिल्ने बनाउने।

**बोधार्थ:**

१. विभागका सबै शाखा

२. मूल्य अभिबृद्धि कर प्रयोजनको लागि दर्ता भएका सबै आदरणीय करदाताज्यू


"कर छलीको सूचना दिई सचेत नागरिकको परिचय दिऔं।"

# विद्युतीय माध्यमबाट डे-१ आय विवरण (D–01 Income Tax) पेश गर्ने र रकम भुक्तानी गर्ने तरिका

१. वेब ब्राउजर खोली ird.gov.np मा जाने → करदाता पोर्टलमा क्लिक गर्ने → Income Tax मेनुको देब्रे पट्टिको + संकेतमा क्लिक गर्ने → D–01 Return Entry मा क्लिक गर्ने ।

२. ESelfAssessment D–01 फाराम खुल्छ, स्थायी लेखा नम्बर (PAN) राख्ने, अर्को फिल्डमा क्लिक गर्ने । मा क्लिक गर्ने ।

३. व्यवसायको नाम, ठेगाना लगायतको विवरण देखिन्छ । Register मा क्लिक गर्ने ।

४. आर्थिक वर्ष छान्ने, कारोबार रकम, कट्टीहुने रकम हाल्ने र बाहिर क्लिक गर्ने । Confirm Dialog Box को OK मा क्लिक गर्ने । Info Dialog Box को OK मा क्लिक गर्ने । एक भन्दा बढी आय वर्षको विवरण भए प्रत्येकको लागि यही अनुसार गर्ने ।

५. बैंकको सूचीबाट कुनै एउटा बैंक छान्ने ।

६. Submit मा क्लिक गर्ने । भौचर सिर्जना हुन्छ । उक्त भौचरमा रहेको कारोबार संकेत नम्बर (उदाहरणः २०७८-१२३४५६७) लाई र भौचरको जम्मा रकमलाई टिपोट गरी सुरक्षित राख्ने ।

७. अब विद्युतीय माध्यमबाट रकम भुक्तानी गर्ने Esewa, Connect IPS, Khalti लगायतका मोबाइल एप्लिकेशन वा वेब पेजमा लग इन गर्ने ।

८. त्यहाँ सरकारी भुक्तानी (Government Payment) अन्तर्गत आन्तरिक राजस्व विभाग (Inland Revenue Department [IRD] छान्ने ।

९. EBP No. अथवा भौचर नं. लेखेको ठाउँमा बुँदा नम्बर ६ अनुसार टिपोट गरेको कारोबार संकेत नम्बर राख्ने र रकममा भौचरको जम्मा रकम उल्लेख गर्ने ।

१०. Proceed गरी Detail विवरण हेर्ने र विवरण सही भएको यकिन गरी Payment गर्ने ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

## भुक्तानी गर्दा स्रोतमा कर कट्टी गरी eTDS Return पेश गरी Verify उल्लेख गर्ने गराउने बारे अत्यन्त जरूरी सूचना

आयकर ऐन २०५८ को परिच्छेद १७ बमोजिम नेपालमा स्रोत भएका रोजगारीबाट प्राप्त आय, ब्याज, प्राकृतिक स्रोत, भाडा, रोयल्टी, सेवा शुल्क, कमिसन, अवकाश भुक्तानी लगायत अन्य प्रतिफल वा रकम रकम भुक्तानी गर्दा तोकिए बमोजिम कर कट्टी गरी विद्युतीय माध्यमबाट eTDS Return पेश गरी Verify गर्नु पर्ने कानूनी व्यवस्था रहेको छ। तर कतिपय सरकारी निकाय, सार्वजनिक निकाय, बैंक तथा वित्तीय संस्था, गैरसरकारी संस्था, निजी क्षेत्रका संघसंस्थाहरूले तोकिए बमोजिम कर कट्टी गरेको तर तोकिएको ढाँचामा eTDS Return पेश गरी Verify नगरिदिएको र कतिपय निकाय वा संस्थाहरूले eTDS Return पेश गरे तापनि सो eTDS Return मा सम्बन्धित करदाताको स्थायी लेखा नम्बर उल्लेख नगरी विववरण पेश गरेको कारणले सम्बन्धित करदाताहरूले आय विवरण पेश गर्दा उक्त TDS रकम दावी गर्न नसकेको भन्ने गुनासो आएको छ। यसले गर्दा आय विवरण पेश गर्न करदातालाई झन्झट सिर्जना भएको छ। तसर्थ माथि उल्लेखित शिर्षहरूमा भुक्तानी गर्दा स्रोतमा कट्टी गरी दाखिला गरिएको करको विवरण, भुक्तानी गरिएको अवधि, राजस्व शीर्षक नम्बर, सम्बन्धित करदाताको स्थायी लेखा नम्बर आदि विवरणहरू समावेश गरी तोकिएको ढाँचामा eTDS Return पेश गरी Verify गर्नु गराउनु हुन सम्बन्धित सबै सरकारी नियका, सार्वजनिक निकाय, बैंक तथा वित्तीय संस्था, गैरसरकारी संस्था, निजी क्षेत्रका संघसंस्थाहरूमा हार्दिक अनुरोध छ । यस सम्बन्धी थप जानकारका लागि नजिकको आन्तरिक राजस्व कार्यालय, करदाता सेवा कार्यालयमा बुझ्न सकिने व्यहोरा समेत अनुरोध छ ।

संरक्षक
झक्कप्रसाद आचार्य

प्रकाशक
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
Website: www.ird.gov.np

सल्लाहकार
मुक्ति प्रसाद पाण्डे
आनन्द काफ्ले
रमेश शर्मा पौडेल
शम्भुप्रसाद मरासिनी

सम्पादन समूह
लक्ष्मी पराजुली
हरिप्रसाद ज्ञवाली
नारायण प्रसाद उपाध्याय
हरि प्रसाद भण्डारी
राजेश पण्डित
रुपेशजंग थापमगर
टीका उपाध्याय